# २७. श्री विनोदप्रसाद धिताल

*[संवत् २०५३ कार्तिक २ गते रोज ६ का दिन आयोजित समारोह 'योजन गन्धा' भन्ने ग्रन्थको लगि प्रदान गरिएको संवत् २०५२ सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्री विनोदप्रसाद धितालले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्‌गार। यो उद्‌गार 'नेपाली' त्रैमासिक अङ्क १४८ बाट उद्‌धृत गरिएको हो।]*

मदन पुरस्कार गुठीका अध्यक्ष महोदय, उपस्थित महिला तथा सज्जनवृन्द !

बाल्यकालदेखि नै साहित्यको रसमा डुबुल्की मार्दै आएको भए पनि व्यावहारिक जीवन चलाउने बाध्यताले प्रशासनिक सेवामा प्रवेश गर्न करै लाग्यो। ४३ वर्षको छोटै अवधिमा अवकाश प्राप्त गरी एउटा कलम लिई सेतो कागजमा एक-दुई हरफ कोर्न वस्ता आठ ओटा बालबच्चाको जिम्मेवारी लिएको एक कानुनविद् बाबुले परिवारको चाहनालाई पूरा गर्न पैसाको राम्रो आर्जन गरिरहेका वकिलहरूको लाममा किन नलागेको भनी धेरैले प्रश्न गर्थे। इष्टमित्र र समाजको त कुरै छोडौं आफ्नै पत्नीसम्म पनि अर्थोपार्जनको काममा नलागी सधैं व्यर्थको काजगमात्र कोरिरहेको देख्ता निन्याउरो अनुहार लगाउँथिन्। समाज खिल्ली उडाउँथ्यो। इष्टमित्र हाँस्थे। श्रीमती उदासीन नै रहन्थिन्।

त्यसपछि एकाएक धेरै वर्षको तपस्यापछि इटालियन महाकवि दाँतेको अमरकृति 'डिभाइन कमेडी' को मेरो काव्यात्मक अनुवादको आगि अन्तर्राष्ट्रिय पुरस्कार "लेक्चरा दाँतिस" पदक प्राप्त गर्दा आफूलाई आत्मसन्तुष्टि हुने कुरा त स्वतः भयो, तर मेरी पत्नी पनि सो समारोहमा साथै हुँदा भव्य समारोहमा प्राप्त भएको सम्मानले एउटा नेपालीको छोराको यस्तो कोरकार अन्तर्राष्ट्रिय क्षेत्रमा पनि बेकार नभई सम्मानित नै हुँदो रहेछ भन्ने टड्कारो अनुभव उनीलाई राम्ररी नै दिलायो।

आज आएर उनकै घरदैलोमा उनैले बुझ्ने भाषामा यो मदन पुरस्कार प्राप्त गर्दा उनलाई त केकस्तो अनुभव भएको छ म अहिले व्यक्त गर्न सक्तिनँ तर मलाई भने पराइघरको मिठाइभन्दा आफ्नै घरको खट्टे कति स्वादिलो हुँदो रहेछ भन्ने ताजा र टड्कारो अनुभव भैरहेछ। मेरो हृदयभित्रको उल्लासपूर्ण भावनालाई व्यक्त गर्न हर्ष र खुसी भन्ने शब्दलाई त परै छोडौं नेपाली भाषामा उपर्युक्त भावनालाई प्रकट गर्ने

ती शब्दहरूभन्दा पनि माथिल्लाखाले कुनै शब्द निर्मित भएछन् भने पनि तिनै पनि अपर्याप्त हुनेछन् भन्ने लागिरहेको छ।

साहित्यिक फाँटमा पुरस्कारको बाढी आइरहेछ। यो महान् सन्तोषको कुरा हो। साहित्यकारले विस्तारबिस्तार बदर होइन कदर पाउन लागिरहेछन्। यो अत्यन्त खुसीको कुरा हो। तर नेपाली साहित्यमा कलम चलाएर पनि त्यसलाई बुझिदिने र सम्मान गरिदिने नेपालमाताको सबभन्दा जेठो छोरो "मदन पुरस्कार" नै हो। जसरी भानुभक्तको शुभनाम नेपाली साहित्यको वास्तविक अस्तित्व खडा गर्ने निर्माताको रूपमा अग्रणी नै छ, त्यसरी नै भविष्यमा हुँदै जाने नेपाली भाषा र साहित्यका जतिसुकै पुरस्कारहरूमा पनि यही "मदन पुरस्कार" नै प्रथम सृष्टि-निर्माताको रूपमा अग्रगण्य नै भएर रहनेछन्। यसको महत्तामा कुनै किसिमको प्रश्न चिह्न कहिल्यै खडा हुन सक्तैन। त्यसैले म यस पुरस्कारका स्थापना-कर्ता र त्यसलाई निरन्तरता दिइरहेन सञ्चालनकर्ताहरूमा एक नेपाली साहित्यकारको नाताले सदा आभारी छु।

आजको एक्काइसौं शताब्दिमा प्रवेश गर्न लागेको Cyber Space र Information Super Highway को जमानामा पनि उपन्यासकारले किन पौराणिक कथा वस्तु चुन्यो होला भन्ने कुराको खुलदुली जोशिला नेपाली युवा साहित्यकार र पाठकहरूलाई मात्र होइन, वयस्क परिपक्व साहित्यकार र पाठकहरूलाई पनि मच्चिनु स्वाभाविक कुरा हो। तर हाम्रो पुराण र महाभारतका रचयिता महर्षि व्यासले नै महाभारतका बारेमा "जे जति कुरा यो ग्रन्थमा उल्लेख भएको छ, त्यही नै अन्यत्र पनि छ, जो यसमा छैन त्यो अन्यत्र कहीं पनि छैन" भनेर त्यतिबेला जो बोले त्यो विश्वमा मानवजाति रहँदासम्म नै सापेक्षिक भएर रहनेछ भन्ने कुरामा महाभारतको गहिरो अध्ययन गर्नासाथ अनुभव हुनेछ। हो, महाभारतको अलि गहिरेर अध्ययन गर्नासाथ मैले पनि त्यही नै अनभुव गरेकोले हाम्रो वर्तमान समाजको धरातलमा उभिँदा पनि महाभारतका चरित्रहरूको शाश्वतालाई बोकेर नै खडा भएका चरित्रहरूलाई आफ्नो अन्तर्मनभित्र स्पष्टरूपमा देखी त्यसैलाई प्रतिविम्बित गरेको हुँ। त्यसैले गहिरेर हेरेमा 'योजनगन्धा'ले पुरातनयुगी उपन्यासको लाञ्छना पक्कै पनि बोक्नेछैन भन्ने लागेको छ।

अन्त्यमा भारतको दुर्गम क्षेत्रमा जन्मेर हुर्केर पनि नेपाली जातिको अस्तित्व कायम राख्ने नेपाली भाषालाई सम्वर्द्धन गर्न आफ्नो जीवन अर्पण गर्नुभएका 'जगदम्बा-श्री' प्राप्त गर्ने मेरा मित्र श्री हरिप्रसाद 'गोर्खा' राईलाई हार्दिक बधाई ज्ञापन गर्दछु।

धन्यवाद !